# रुपा गाउँपालिका

Rupa Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

# Village Executive Office

रुपाकोट, कास्की

**Rupakot, Kaski**

गण्डकी प्रदेश नेपाल (Gandaki Province Nepal)

पत्र संख्या (Letter No.) : २०७६/०७७

चलानी नं. (Ref No.) : ११२९

## सार्वजनिक अपिल

विश्वव्यापी रुपमा फैलिएको (COVID-19 ) कोरोना भाइरसको संक्रमण बढ्दै गईरहेको र महामारीको रुप लिंदै गई रहेको अवस्थामा हाम्रो देश नेपालले पनि संक्रमणको खतराबाट बच्न विविध तयारी गरिरहेको छ । यही सन्दर्भमा रुपा गाउँपालिकाका सम्पूर्ण आमाबुवा दाजुभाइ दिदी बहिनी तथा अन्य सम्पूर्णमा आफ्नो स्वास्थ्य आफ्नै हातमा भएको व्यहोरा अवगत गराउँदै आफु पनि बच्न र अरुलाई पनि कोरोनाको संक्रमणबाट बचाउन गरसकादसम्म विशेष ध्यान राखी साबुनपानीले हात धुने, गुणस्तरीय सेनीटाइजर प्रयोग गर्ने, सकेसम्म जनसम्पर्क कम गर्ने, मास्कको प्रयोग गर्ने, घरमै बस्ने लगायतका बानी विकास गर्नुहुन विनम्र अनुरोध गर्दछौं । यस गाउँपालिका मार्फत् उपलब्ध गराइएका तपसिलका सेवा सुविधाहरु उपभोग गर्न गराउनुहुन सम्पूर्ण रुपावासीहरुमा अनुरोध छ ।

<u>तपसिल</u>

- गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य चौकीहरुमा चौबिसै घण्टा स्वास्थ्य सेवा प्रदान गर्ने सुविधा ।
- रुपा गाउँपालिकाका स्वास्थ्य चौकीहरुबाट उपचार हुन नसकी अन्य स्वास्थ्य संस्थामा रिफर गरेको अवस्थामा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको ।
- गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुमा पर्याप्त मात्रामा औषधिको व्यवस्था गरिएको ।
- गाउँपालिकामा छिमेकी राष्ट्र वा विदेशबाट आएका रुपावासीका लागि श्री विश्वशान्ति माध्यमिक विद्यालयमा २० जनाको लागि सुविधासम्पन्न क्वारेन्टाइनको व्यवस्था गरिएको ।
- गाउँपालिकाका सबै टोलमा स्टेचरको व्यवस्था गरिएको ।
- सामाजिक सचेतनाका लागि माइकिङ पोष्टर तथा पम्प्लेट टाँस तथा वितरण गरिएको ।
- गाउँ पालिकाका विभिन्न ठाउँहरुमा स्वास्थ्य हेल्प डेस्क व्यवस्थापनको कार्य शुरु गरिएको ।
- रुपा गाउँपालिकामा बसोबास गर्ने जो कोही व्यक्तिहरु छिमेकी राष्ट्र तथा विदेशबाट आएमा कोरोनाको संक्रमणबाट आफु बच्न र अरुलाई पनि बचाउन तपशिलका व्यक्ति र नम्बरहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

  स्वास्थ्य संयोजक आनन्दलाल जोशी ९८५६०१७५२५ रुपा गाउँपालिका, रामचन्द्र ओझा ९८४९३५२२३६ पुम्दी स्वास्थ्य चौकी, युवराज श्रेष्ठ ९८४६१४६७७७ सिद्ध स्वास्थ्य चौकी, मिना पौडेल ९८०६६८९८९६ देउराली स्वास्थ्य चौकी, रविन कुमार श्रेष्ठ ९८४६०५८९२८ रुपाकोट स्वास्थ्य चौकी, अस्मीता ढुंगाना ९८४६४२१४६३ हंसपुर स्वास्थ्य चौकी, चेतन शाह ९८५६०२१०१५ हंसपुर आयुर्वेद औषधालय, शरद आचार्य ९८५६०२१०१६ देउराली आयुर्वेद औषधालय साथै सम्बन्धित वडाका वडा अध्यक्ष जन प्रतिनिधि तथा स्वास्थ्य स्वयं सेविकाहरुलाई समेत सम्पर्क गर्नु हुन अनुरोध छ ।

२०७६।१२।१०

(नबराज ओझा)

अध्यक्ष

Scanned with CamScanner